# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २५ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले भोलि पश्चिम बंगाल भ्रमणको क्रममा कोलकातामा तीन प्रमुख दुर्गा पूजा पण्डालहरूको उद्घाटन गर्नुहुनेछ।

- पश्चिम बंगाल स्कूल सेवा आयोगद्वारा आयोजित हालैको परीक्षामा सहभागी उम्मेदवारहरूको समूहले निष्पक्ष भर्तीको माग गर्दै कोलकाताको साल्ट लेकमा आज विरोध प्रदर्शन गरेका छन्।

- सांसद राजु बिष्टले आज रक्षामन्त्री राजनाथ सिंह अनि रक्षा प्रमुख अनिल चौहान सँग भेट गरेर दार्जिलिङको लेबोङमा अवस्थित १६३ सैन्य क्षेत्रीय अस्पताल अन्यत्र स्थानान्तरण नगरियोस् भनेर सुनिश्चित गर्न आग्रह गर्नुभयो ।

- आज नवरात्रको चौथो दिन हिन्दू धर्मावलम्बीहरूले शक्ति, समृद्धि र सृष्टिकी आदिशक्ति देवी कूष्माण्डाको विशेष पूजा–भक्तिभाव अनि स्रधाका साथ मनाएका छन्।

- रेलवे सुरक्षा बल (RPF) खड़गपुरको अपराध गुप्तचर शाखा (CIB) टोलीले १२७०३ एक्सप्रेस रेलबाट चार नाबालिग बालबालिकालाई उद्धार गरेको छ।

## अमित शाह पश्चिम बंगाल भ्रमण

केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले भोलि पश्चिम बंगाल भ्रमणको क्रममा कोलकातामा तीन प्रमुख दुर्गा पूजा पण्डालहरूको उद्घाटन गर्नुहुनेछ। राज्य भाजपा नेताहरू अनुसार शाह आज बेलुकी कोलकाता आइपुग्नेछन्। उहाँले भोलि बिहान लेक एभिन्यूमा रहेको सेवक संघ पूजा पण्डालको उद्घाटन गर्नुहुनेछ। त्यसपछि उहाँले उत्तर कोलकाताको सन्तोष मित्र स्क्वायर दुर्गा पूजा (लेबुतला पार्क) पण्डालको उद्घाटन गर्नुहुनेछ।दिउँसो उहाँको अन्तिम कार्यक्रम साल्ट लेकस्थित पूर्वी क्षेत्रीय सांस्कृतिक केन्द्र (EZCC) मा हुनेछ, जहाँ उहाँले पश्चिम बंग संस्कृति मञ्चद्वारा आयोजित पूजाको उद्घाटन गर्नुहुनेछ। सन्तोष मित्र स्क्वायरमा हुने पूजालाई शाहको भ्रमणको मुख्य आकर्षण मानिन्छ। यो भाजपा काउन्सिलर सजल घोषद्वारा आयोजना गरिएको हो। EZCC पूजालाई भाजपा-समर्थित पहलको रूपमा हेरिन्छ। यो २०२० मा भाजपाको सांस्कृतिक सेलद्वारा सुरु गरिएको थियो, र प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्लीबाट भर्चुअल रूपमा यसको उद्घाटन गर्नुभएको थियो।

## पश्चिम बंगाल स्कूल सेवा आयोग

पश्चिम बंगाल स्कूल सेवा आयोगद्वारा आयोजित हालैको परीक्षामा सहभागी उम्मेदवारहरूको समूहले निष्पक्ष भर्तीको माग गर्दै कोलकाताको साल्ट लेकमा आज विरोध प्रदर्शन गरेका छन्।उम्मेदवारहरू करुणामयी मेट्रो स्टेशनमा भेला भए र राज्य शिक्षा विभागको मुख्यालय विकास भवनसम्म लगभग एक किलोमिटर मार्च गरे। प्रदर्शनकारीहरू सेप्टेम्बर ७ र १४ मा आयोजित राज्य स्तरीय छनोट परीक्षा (SLST) मा भाग लिनेहरूमध्ये थिए। उनीहरूको मुख्य विरोध सर्वोच्च अदालतको आदेशपछि नोकरी गुमाएका र परीक्षामा सहभागी भएका शिक्षकहरूलाई १० ग्रेस अङ्कको प्रावधान खारेज गर्नु थियो।सर्वोच्च अदालतले २०१६ को भर्ती प्रक्रियालाई "असामान्य र भ्रष्ट" भन्दै राज्य सञ्चालित विद्यालयहरूमा २५,७५३ शिक्षक र गैर-शिक्षक कर्मचारीहरूलाई बर्खास्त गर्ने आदेश दिएको थियो। प्रदर्शनकारीहरूको दाबी छ कि १० ग्रेस अङ्कको प्रावधानले नयाँ उम्मेदवारहरूलाई वञ्चित

गर्नेछ र सबै उम्मेदवारहरूलाई समान अवसर सुनिश्चित गर्ने नियमहरूको उल्लङ्घन गर्नेछ।यसैबीच, भर्ती विवादमा नोकरी गुमाएका गैर-शिक्षक कर्मचारीहरूले विगत छ महिनादेखि तलब नपाएको र कठिनाइको सामना गरिरहेको बताए।

## राजु बिष्ट

दार्जीलिङका लोकसभा सांसद एवं भाजपा का राष्ट्रिय प्रवक्ता,राजु बिष्टले आज रक्षामन्त्री राजनाथ सिंह अनि रक्षा प्रमुख तथा सैन्य मामिला विभागका सचिव जनरल अनिल चौहानलाई भेट गरेर दार्जिलिङको लेबोङमा अवस्थित १६३ सैन्य क्षेत्रीय अस्पताल यहीँ रहोस् र अन्यत्र स्थानान्तरण नगरियोस् भन्ने कुरा सुनिश्चित गर्न हस्तक्षेप गर्न आग्रह गर्नुभयो । सांसदले उहाँहरूलाई क्षेत्रीय सेनामा भर्ना हुन चाहने गोर्खा युवाहरूका लागि अंकमा विशेष छुट दिन पनि अनुरोध गर्नुभयो।उहाँले भेट अवधि जानकारी गराउनु भयो कि, दार्जिलिङ पहाडहरू सबैभन्दा धेरै सेवारत सैनिकहरू, उनीहरूका परिवारहरू र २० हजार भन्दा अधिम पूर्व सैनिकहरू र उनीहरूका परिवारहरूको घर हो। यति ठूलो समुदायको लागि, लेबोङ सैन्य अस्पतालको उपस्थिति एक महत्वपूर्ण चिकित्सा सुविधा मात्र होइन तर भारतीय सेना र हाम्रो क्षेत्रका जनता बीचको विश्वास, आश्वासन र ऐतिहासिक सम्बन्धको प्रतीक पनि हो। यो विषयको जाँच गर्न र अस्पताललाई दार्जिलिङमै राख्ने पक्षमा हस्तक्षेप गर्न अनुरोध गर्नुभएको छ।सांसद बिष्टले जानकारी गराउदै भन्नुभयो रक्षा मन्त्रालयले पहिले गोर्खा भर्तीहरूका लागि सबै विषयमा न्यूनतम ३३% अंक छुट दिने अनुमति दिएको थियो, तर यो छुट क्षेत्रीय सेना (TA) को भर्ती प्रक्रियामा विस्तार गरिएको छैन। त्यसैले,TA भर्तीमा पनि उही छुट विस्तार गर्न अनुरोध गर्नुभएको छ। रक्षामन्त्री राजनाथ सिह अनि CDS अनिल चौहान जो आफैं ११ गोर्खा राइफल्सका हुन ले उहाँहरूले दुवै मामिलाको जाँच गर्ने र सैनिक र उनीहरूका परिवारहरूलाई कुनै पनि तरिकाले असुविधा नहोस् भनेर उचित कारबाही गरिने अश्वासन दिनुभएको छ । उहाँहरूले गोर्खा युवाहरूको लागि अंक छुट विस्तार गर्न उनीहरूले सक्दो प्रयास गर्ने थप आश्वासन दिनुभएको छ। सांसद बिष्टले आफू दार्जीलिङ पहाडका सेवारत सैनिकहरू र पूर्व सैनिकहरूको साथमा रहेको तथा त्याग र समर्पन को सम्मान सुनिश्चित गर्न अथक प्रयास गरिरहेको बताउनु भएको छ।

## नवरात्रको चौथो दिन

आज नवरात्रको चौथो दिन हिन्दू धर्मावलम्बीहरूले शक्ति, समृद्धि र सृष्टिकी आदिशक्ति देवी कूष्माण्डाको विशेष पूजा–आराधना गरी मनाएका छन्। देवी कूष्माण्डालाई ब्रह्माण्डको सर्जक मानिन्छ र उहाँको आराधनाले रोग, शोक तथा जीवनका सबै प्रकारका संकट नाश हुने विश्वास गरिन्छ।धार्मिक मान्यताअनुसार, जब चारैतिर अन्धकार थियो र सृष्टिको कुनै पनि अस्तित्व थिएन, त्यही बेला देवी कूष्माण्डाले आफ्नो दिव्य मुस्कानबाट ब्रह्माण्डको रचना गर्नुभएको थियो। त्यसैले देविलाई सृष्टिकी आदिस्वरूपा र आदिशक्ति मानिन्छ। सूर्य मण्डलमा निवास गर्ने ऊर्जा पनि देवी कूष्माण्डामै निहित रहेको मानिन्छ। देवीलाई विशेष गरी कुभिन्डो (कूष्माण्ड)को भोग अर्पण गरिन्छ। यसबाहेक मालपुवा, दही, हलुवा, फलफूल र नरिवल अर्पण गर्ने प्रचलन पनि छ।अष्टभुजाधारी स्वरूपमा चित्रित देवी कूष्माण्डाका हातमा कमण्डलु, धनुष, बाण, कमल, अमृतकलश, चक्र, गदा र जपमाला रहन्छ। सिंहमाथि विराजमान देवी धर्म र शक्तिको प्रतीक मानिन्छ।विद्यार्थीहरूका लागि माताको पूजा विशेष लाभकारी हुने विश्वास गरिन्छ, जसले बुद्धि, ज्ञान र एकाग्रता बढाउँछ।

## घर घर लाहुरे मिरिक

हरेक घरबाट लाहुरे जन्मनु पर्छ भन्ने ध्येयका साथ मिरिकमा गत धेरै बर्षदेखि कार्य गरिरहेको संस्था **घर घर लाहुरे** ले, बिशेष भारतीय सेना, अर्ध सेना बलमा स्थानीय युवाहरुलाई भर्ना गराउनको निम्ति युवाहरुलाई शारीरिक अनि बौद्धिक रुपमा तयार गर्ने गरेको छ। संस्थाले यति मात्रै होइन तर युवाहरुलाई आफ्नो समाज, परिवेश बुझाउनको निम्ति धेरै समाजिक कार्यक्रमहरुमा यी युवाहरुको सक्रिय सुनिश्चित गर्दै आएको छ। यसरिनै दशैले अब नजिक आएको समयमा घरघर लाहुरेसित संलग्न रहेका युवाहरुले मिरिकदेखि दार्जीलिङ जाने मुल सडकको सफाई गरिरहेका छन। संस्थाका निदेशक अनेरी कप्तान सुनिल तामाङको निर्देशनमा पचासभन्दा धेर युवाहरु दैनिक तालिमपछि सफाइ अभियानमा जुटेका छन। तामाङले युवाहरुलाई समाजप्रति उत्तरदायी बनाउन जरुरी रहेको बताएका छन। उहाँले बताए अनुसार यस सफाइ अभियानले केवल स्वच्छता मात्रै निर्दिष्ट गर्दैन तर युवाहरुमा आफ्नो संस्कार संस्कृति चाड पर्वप्रति उत्सुक हुन सिकाउने छ।यो दिनलाई जीवनमा सकारात्मक ऊर्जा भित्र्याउने, नकारात्मकतालाई

हटाउने र प्रेम तथा सद्भाव फैलाउने अवसरका रूपमा पनि लिइन्छ। दार्जीलिङका विभिन्न मन्दिर तथा देवालयहरूमा बिहानैदेखि भक्तजनहरूको भीड देखिनुका साथै पूजा–अर्चनाको विशेष माहोल देखिएको छ।

**खरसाङको वार्ड नम्बर 9**

खरसाङको वार्ड नम्बर 9 अन्तर्गत टुरिस्ट लजमुनिपट्टि रहेको सुधपा टोलमा पैह्रोले भत्काएको सडक र कल्बट मरमत्ति कार्यपछि बाइपास रोड खोलिएको छ। 8 अगस्तको दिन लगातार परेको पानीले गर्दा उक्त कल्बट भत्किएपछि खरसाङको बाइपास रोड बन्द भएको थियो। उक्त भत्किएको कल्बटको क्षेत्रीय सभासद श्याम शेर्पाले भ्रमण निरीक्षण गरेर मरमत्तिको लागि पहल गरिएको थियो। उक्त पैह्रोले भत्काएको कल्बटको मरमत्तिको कार्य जीटीएमार्फत् खरसाङ ईञ्जिनियरिङ विभागबाट गत 13 अगस्तदेखि शुरु गरिएको थियो भने आज यसको मरमत्ति कार्य पूरा भएपछि आधिकारिक रूपमा गाडीहरुको लागि खोलिएको छ। मरमत्तिको कार्य समाप्त भएपछि बाईपास रोड खोलाउन क्षेत्रीय सभासद श्याम शेर्पा, खरसाङ ट्राफिक पुलिसको प्रभारी बीरेन्द्र छेत्री, विभागीय अधिकारीहरु र अन्यहरु उपस्थित रहेका थिए। अब यो रोड खोलिएर गाडीहरु कुदन थाले 20 देखि 30 प्रतिशत गाडीहरु यो रोड भएर कुद्दा खरसाङ बजारमा ट्राफिक समस्या केही हदसम्म कम रहने बताइएको छ। तर यो बाइपास रोडलाई केवल साना र लाइट गाडीहरुको लागि मात्र खोलिएको छ भने ठूल्ठूला र हेभी गाडीहरु कुदाउन भने अनुमति दिइएको छैन। यो बाइपास रोड खोलिएको विषयमा पत्रकारहरुसित कुराकानी गर्दै 28 नम्बर खरसाङ चिमनी देवराली समष्टिको सभासद श्याम शेर्पाले विस्तृत रुपमा जानकारी गराएका छन्।

**नाबालिग उद्धार**

रेलवे सुरक्षा बल (RPF) खड़गपुरको अपराध गुप्तचर शाखा (CIB) टोलीले रेल नम्बर १२७०३ एक्सप्रेसबाट चार नाबालिग बालबालिकालाई उद्धार गरेको छ।प्राप्त जानकारी अनुसार, RPF टिमले सामान्य डिब्बामा शंकास्पद अवस्थामा यात्रा गरिरहेका चार नाबालिग बालबालिकालाई देखेको थियो। सोधपुछ गर्दा, बालबालिकाहरूले भुवनेश्वर (ओडिशा) र रेनिगुन्टा, चित्तूर जिल्ला (आन्ध्र प्रदेश) जाँदै गरेको बताए, जहाँ उनीहरूलाई निजी रोजगारीमा काममा लगाइने थियो।अनुसन्धानको क्रममा, चार बालबालिका आफ्ना आमाबाबुको अनुमति बिना घरबाट निस्केको खुलासा भयो। यो घटना बाल बेचबिखन वा बाल श्रमसँग सम्बन्धित देखिन्थ्यो।RPF ले तुरुन्तै र सुरक्षित रूपमा कार्य गऱ्यो, बालबालिकाहरूलाई बालेश्वर स्टेशनमा अवतरण गऱ्यो र सम्बन्धित अधिकारीहरू र बाल हेल्पलाइनलाई सूचित गऱ्यो। बालेश्वर चाइल्डलाइन/बचपन बचाओ संस्थाका प्रतिनिधिहरू बालेश्वरको RPF थानामा पुगे। प्रारम्भिक प्रमाणीकरण पछि, चार नाबालिगहरूलाई थप पुनर्स्थापनाको लागि कानुनी प्रक्रियाहरू अन्तर्गत चाइल्डलाइनलाई हस्तान्तरण गरियो।

ईडी  चन्द्रनाथ सिन्हा

पश्चिम बंगालका लघु मध्यम तथा मझौंला उद्योग मन्त्री तथा तृणमूल कांग्रेसका विधायक चन्द्रनाथ सिन्हा आज बिहान सीजीओ कम्प्लेक्सस्थित प्रवर्तन निर्देशनालय (ईडी) को कार्यालयमा हाजिर भए। उनी प्राथमिक शिक्षक भर्ती घोटालामा अभियुक्त हुन्। अदालतको आदेश अनुसार, उनले दुई दिनसम्म ईडी कार्यालयमा उपस्थित भएर अनुसन्धानमा सहयोग गर्नुपर्नेछ।

*********